**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ अक्टुबर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- प्रधानमंत्री नरेन्द्र मोदीले धनधान्य कृषि योजनाले देशको किसानहरूको दिशा र दशा परिवर्तन गर्ने बताउनुभएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले उहाँको कार्यकालमा भारत- अमेरिका व्यापक वैश्विक रणनीतिक साझेदारी थप बलियो हुने विश्वास व्यक्त गर्नुभएको छ।

- केन्द्रिय शिक्षा मंत्रालयले राज्य तथा केन्द्रशासित प्रदेशका विध्यालयहरूलाई प्रवेश र परीक्षा शुल्क यूपीआई मार्फत गर्ने आग्रह गरेको छ।

- अफगानिस्तानको सेनाले पाकिस्तानका कैंयन सीमा चौकीहरूमाथि हमला गरेको छ तथा दुई वटा चौकी माथि कब्जा गरेको दावी गरेको छ।

- महिला विश्व कप क्रिकेटमा आज विशाखापत्तनमा भरत र अस्ट्रेलिया भीड़ने छन्।

**<u>प्रधानमन्त्री– कृषि क्षेत्रको योजनाहरु</u>**

प्रधान मन्त्री श्री नरेन्द्र मोदीले किसानहरूलाई आत्मनिर्भरता र विकसित भारतका प्रमुख चालक बनाउनका लागि नवीनताए लगानी र बजार पहुँचको माध्यमबाट सशक्त बनाउने सरकारको प्रतिबद्धता दोहोर्याएका छन्। श्री मोदीले हिजो नयाँ दिल्लीमा कृषि र सम्बद्ध क्षेत्रहरूमा ४२ए००० करोड रुपैयाँभन्दा बढीका धेरै परियोजना र योजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। यस अवसरमा प्रधान मन्त्रीले कृषि क्षेत्रमा दुई प्रमुख योजनाहरू, प्रधानमन्त्री धन धन कृषि योजना र दलहनहरूमा आत्मनिर्भरता मिशनको सुरूवात गर्नुभयो। प्रधान मन्त्रीले भन्नुभयो, यी दुवै योजनाहरू आत्मनिर्भरताए ग्रामीण सशक्तीकरण र कृषि नवाचारको नयाँ युगमा प्रवेश गर्नका लागि तयार गरिएका छन्। उनले देशको कृषि प्रणालीमा तीव्र विकास र सुधार हासिल गर्नुपर्नेमा जोड दिए। श्री मोदीले जोड दिनुभयो कि सरकारले देशका किसानहरूको हितमा बीउदेखि बजारसम्म व्यापक सुधारहरू गरेको छ। उहाँले भन्नुभयो, यी सुधारहरू भारतीय कृषिलाई आधुनिक, दिगो र लचिलो बनाउने उद्देश्यका साथ गरिएका संरचनात्मक हस्तक्षेपहरू हुन्। सरकारका उपलब्धिहरूमाथि प्रकाश पार्दै श्री मोदीले भन्नुभयो, विगत ११ वर्षमा देशको कृषि निर्यात लगभग दोब्बर भएको छ, जबकि खाद्यान्न उत्पादन लगभग ९ करोड मेट्रिक टनले बढेको छ। श्री मोदीले भन्नुभयोए देशमा छ वटा नयाँ मल कम्पनीहरू स्थापना गरिएका छन् भने विगत ११ वर्षमा किसानहरूलाई २५ करोड मृदा स्वास्थ्य कार्डहरू वितरण गरिएका छन्। यस अवसरमा बोल्दै कृषि एवम् किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भन्नुभयो, अर्को पुस्ताको जिएसटी सुधारको साथ, सरकारले कृषि उपकरणहरूमा जीएसटी दरहरू घटाएर किसानहरूलाई राहत प्रदान गरेको छ। उहाँले भन्नुभयोए प्रधान मन्त्रीले सधैं किसानहरूको हितलाई उच्च प्राथमिकता दिनुभएको छ। मत्स्य पालनए पशुपालन र दुग्ध मन्त्री राजीव रञ्जन सिंहले भन्नुभयोए प्रधानमन्त्री धन धन कृषि योजनाले अभिसरणए नवीनता र समावेशी विकासको माध्यमबाट कृषि-प्रमुख भारतको रूपान्तरण गर्नेछ। कृषि उत्पादकत्व बढाउनेए बालीको विविधीकरण गर्ने र दिगो कृषि पद्धतिहरू अपनाउने र सिँचाइ सुविधाहरूमा सुधार गर्ने उद्देश्यका साथ २४,००० करोड रूपैयाँको लागतका साथ प्रधानमन्त्री धन धन कृषि योजना सुरु गरिएको छ। दालहरूमा आत्मनिर्भरता मिशन ११,४४० करोड रूपैयाँको लागतमा शुरू गरिएको छ। यसको उद्देश्य दलहनको उत्पादकत्व स्तरमा सुधार गर्नु र दलहन खेती अन्तर्गत क्षेत्र विस्तार गर्नु हो। कार्यक्रममा प्रधान मन्त्रीले कृषिए पशुपालनए मत्स्य पालन र खाद्य प्रसंस्करण क्षेत्रमा ५,४५० करोड रूपैयाँभन्दा बढीका परियोजनाहरूको

उद्घाटन र लोकार्पण गर्नुभयो, साथै लगभग ८१५ करोड रूपैयाँको अतिरिक्त परियोजनाहरूको शिलान्यास गर्नुभयो।

**मोदी–अमेरिकी राजदूत**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरेलाई नयाँ दिल्लीमा आफ्नो आवासमा स्वागत गर्नुभयो। एक सामाजिक सञ्जालमा एक पोष्टमा, श्री मोदीले विश्वास व्यक्त गर्नुभयो कि उहाँको कार्यकालले भारत-अमेरिका व्यापक वैश्विक रणनीतिक साझेदारीलाई अझ बलियो बनाउनेछ। भारतीय विदेश मन्त्री डॉ. सुब्रह्मण्यम जयशंकरले पनि सर्जियो गोरेलाई भेटेर भारत-अमेरिका सम्बन्ध र यसको विश्वव्यापी महत्त्वबारे छलफल गर्नुभयो। जयशंकरले श्री गोरेलाई उनको नयाँ जिम्मेवारीका लागि शुभकामना व्यक्त गर्नुभयो। यसअघि विदेश सचिव विक्रम मिश्रीले अमेरिकी राजदूत सर्जियो गोरलाई भेटेर उनको कार्यभारको सफलताको कामना गर्नुभयो । विदेश मन्त्रालयले भनेको छ, दुई नेताहरूबीच भारत र संयुक्त राज्य अमेरिकाबीचको व्यापक वैश्विक रणनीतिमाथि सार्थक छलफल भयो। सर्जियो गोरले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि वार्ता गर्नुभयो। श्री गोरेले भन्नुभयो, संयुक्त राज्य अमेरिका र भारत एक स्वतन्त्र हिन्द-प्रशान्त क्षेत्रलाई अगाडि बढाउन प्रतिबद्ध छन्।

भारतका लागि अमरीकाका मनोनीत राजदूतले एक वक्तव्यमा भन्नुभयो, 'अमेरिकाले भारतसँगको सम्बन्धलाई महत्व दिन्छ र राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रधानमन्त्री मोदीको बलियो नेतृत्वमा आगामी दिनहरु दुवै देशका लागि धेरै राम्रो हुनेछ।

**प्रधानमंत्री सीईओ**

प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा एंथ्रोपिकका मुख्य कार्यकारी अधिकारी डारियो अमोदेईसँग भेट गर्नुभयो। सामाजिक सञ्जालमा एक पोस्टमा, श्री मोदीले एन्थ्रोपिकको विस्तारको स्वागत गर्नुभयो र उहाले भनुभयो कि उनी प्रमुख क्षेत्रहरूमा विकासको लागि एआईको प्रयोग गर्न हेतु सँगै काम गर्न तत्पर छन्। श्री मोदीले भन्नुभयो, भारतको जीवंत तकनीकी पारिस्थितिकी तंत्र र प्रतिभाशाली युवा मानव-केंद्रित तथा ज़िम्मेदार एआई नवाचारलाई अगाडि बढाइरहेका छन्।

**मुत्तकी-ताजमहल**

अफगानिस्तानका विदेशमन्त्री मौलवी अमिर खान मुत्ताकीले आज उत्तर प्रदेशको आगरास्थित ताजमहलको अवलोकन गर्ने भएका छन् । उनी एक साताको राजनयिक भ्रमणमा हुनुहुन्छ । त्यसपछि उनले नयाँ दिल्लीमा उद्योग तथा व्यापार प्रतिनिधिहरूको बैठकमा भाग लिनेछन्। विदेशमन्त्री मुत्तकीले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि बैठक गर्ने सम्भावना रहेको छ ।जस अवधि अफगान विद्यार्थीहरूका लागि आतङ्कवाद विरोधी उपायहरू, मानवीय सहायता र भिसाका मुद्दाहरूमा छलफल हुने सम्भावना छ।

**शिक्षा मन्त्रालय – यु.पि.आई.**

केन्द्रीय शिक्षा मन्त्रालयले राज्य र केन्द्र शासित प्रदेशका विद्यालयहरूलाई प्रवेश र परीक्षा शुल्क सङ्कलन गर्न युनिफाइड पेमेन्ट इन्टरफेस (यूपीआई) अपनाउन आग्रह गरेको छ। प्रशासनिक प्रक्रियालाई आधुनिकीकरण गर्ने उद्देश्यले यो कदम चालिएको हो । राज्यहरू, केन्द्र शासित प्रदेश र स्वायत्त निकायहरू जस्तै एनसीईआरटी, सीबीएसई, केवीएस र एनवीएसलाई स्कूल शिक्षा र साक्षरता विभागले स्कूलहरूमा वित्तीय लेनदेनलाई सुव्यवस्थित गर्न यूपीआई अपनाउन दबाब दिएको छ। यो कदम विधायिका, नीतिगत र संस्थागत सुधारको माध्यमबाट **'जीवन अनि स्कूली शिक्षालाई सजिलो बनाऊने उदेश्यलाई'** बढावा दिने व्यापक प्रयासको हिस्सा हो। डिजिटल भुक्तानी प्रणालीको अवलम्बनले पारदर्शिता ल्याउनेछ र अभिभावकहरूलाई स्कूल नगई टाढाबाट भुक्तानी गर्न सजिलो हुनेछ। यस पहलले डिजिटल रूपमा सशक्त र समावेशी शिक्षा प्रणालीको दृष्टिकोण अनुरुप हितधारकहरुलाई डिजिटल लेनदेनको परिचय गराउनेछ । मन्त्रालयले नगद भुक्तानीबाट डिजिटल भुक्तानीमा परिवर्तनले विद्यालय प्रशासनलाई आधुनिकीकरण गर्नेछ र २०४७ सम्म 'विकसित भारत' लक्ष्यलाई बढावा दिनेछ भन्ने कुरामा जोड दिएको छ।

**रायबरेली मृत्यु - योगी**

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले चोरीको झुटो अफवाहका कारण भीडद्वारा कुटपिट गरिएर मारिएका दलित व्यक्ति हरिओम बाल्मिकीको परिवारलाई न्याय, सुरक्षा र सशक्तिकरणको आश्वासन दिएका छन्। हिजो साँझ लखनउमा मुख्यमन्त्रीसँग भेट गरेपछि मृतककी पत्नी संगीता बाल्मिकीले योगी आदित्यनाथले मात्र दलितहरूको रक्षा गर्न सक्ने बताएकी छन्। उनले सरकार र प्रहरीले गरेको कारबाहीबाट आफू पूर्ण सन्तुष्ट रहेको र न्याय पाउने विश्वास व्यक्त गरिन। संगीता वाल्मिकी आफ्ना पिता छोटे लाल र छोरी अनन्याका साथ मुख्यमन्त्री योगी आदित्यनाथलाई भेट्न लखनउ पुगेकी थिइन्। मुख्यमन्त्रीले परिवारको पीडा सुने पश्च्यात, उनीहरूलाई सान्त्वना दिनुभयो र सरकारको शून्य सहनशीलता नीतिको एक हिस्साको रूपमा दोषीहरू विरुद्ध कडा कारबाही गर्ने आश्वासन दिनुभयो। मुख्यमन्त्रीले भन्नुभयो कि परिवारलाई मुख्यमन्त्री आवास योजना अन्तर्गत घर दिइनेछ। यसका साथै संगीता बाल्मीकीलाई स्थायी नोकरी दिइनेछ र उनको परिवारलाई सबै सरकारी कल्याणकारी योजनाहरूको लाभ दिइनेछ। मुख्यमन्त्रीले भन्नुभयो हरिओम बाल्मीकी मामिलामा राज्य सरकारले अदालतमा मुद्दालाई कडा रूपमा अघि बढाउनेछ ताकि अभियुक्तलाई कडा सजाय दिन सकियोस्। मुख्यमन्त्री योगी आदित्यनाथले घटना भएको २४ घण्टाभित्र अभियुक्तलाई पक्राउ गरिएको बताउनुभयो। उनले दलित, विपन्न र शोषितको सम्मानको रक्षा गर्नु प्रदेश सरकारको उच्च प्राथमिकता रहेको बताउनुभयो। उनले शान्ति सुरक्षा कायम गर्न कुनै सम्झौता नहुने र शून्य सहनशीलताको नीतिअन्तर्गत त्यस्ता अपराधीलाई कडा कारबाही गरिने बताउनुभयो।

**जीएसटी सुधार - असम**

प्रधान मन्त्री नरेन्द्र मोदीद्वारा घोषणा गरिएको र गत महिनाको २२ तारिखमा सुरु गरिएको जीएसटी बचत महोत्सवले सम्पूर्ण देशलाई फाइदा पुर् याइरहेको छ। आज, हाम्रो संवाददाताद्वारा जि.एस.टी. सुधारहरूको बारेमा प्रस्तुत छ एक रिपोर्ट , जसले असमका विभिन्न उद्योगहरूलाई सशक्त बनाउनेछ।

**PAK- AFGHAN BORDER CLASHES**

**पाकिस्तान-अफगानिस्तान सीमांनामा हिजो राती भीषणगोलीबारी भएको समाचार प्राप्त भेको छ। तालिबानले पाकिस्तानी सैन्य चौकीहरूमाथि हमला गरे पछि यो संघर्ष शुरू भएको बताइएको छ।**

हालै पाकिस्तानले काबूलमा हवाई ङमला गरेको जवाफमा तालिबानले गरेको हो। दुवै देशका सुरक्षा अधिकारीहरूले यो संघर्षको पूष्टी गरेका छन्। एक जना बरिष्ठ तालिबान अधिकारीले बताए अनुसार अफगानिस्तानको सीमा भीत्र पसेर पाकिस्तानले गरेको हवाई हमलाको जवाफमा यो कारवाही गरिएको हो। अफगान अधिकारी अनुसार यो हमलामा तालिबानले हेलमन्ड प्रान्तको दक्षिणमा रहेको पाकिस्तानको दुईवटा सैन्य चौकीहरूमाथि नियंत्रण गरेको छ। अर्को तीर पाकिस्तानका सुरक्षा अधिकारीहरूले जनाए अनुसार सीमानाका कैयन इलाकाहरूमा संघर्ष सुरू भएको छ तथा पाकिस्तानको सेनाले जवाबी कारवाही गरि रहेको छ। विगत विहिबारको दिन अफगानिस्तानको काबील र दक्षिणी प्रान्तमा दुईवटा भीषम विस्फोट भएको थियो। अफगानिस्तानले यो हमला पाकिस्तानको सेनाले गरेको तथा देशको सार्वभौमिकताको सरासर उलंघन हो भनि बताएको थियो। अर्को तीर सो हमलाका लागी आफू जिम्मेवार नरहेको पाकिस्तानले बताउँदै तहरिके तालिबान पाकिस्तानलाई संरक्षण नदिन भनि अफगानिस्तानलाई चेतावनी दिएको थियो। पाकिस्नाले अझ भनेको थियो कि विगत 2021 देखि अफगानिस्तानमा प्रशिक्षण लिएर तहरिके तालिबान पाकिस्तानले सैकड़ो पाकिस्तानी सैनिकहरूको हत्या गरेको छ जसलाई सहन गर्न सकिन्दैन। हालै पाकिस्तानले अफगानिस्तान माथि गरेको हवाई हमला पछि दुवै देश बीचको संबंध धेरै खराब भएर गएको छ। दुवै देशले 2600 किलो मीटर लामो सीमाना साझ गर्द छन् जसलाई डुरन्ड लाईन नामले जानिन्छ।

**महिला क्रिकेट - विश्व कप**

महिला क्रिकेट विश्व कपमा आज विशाखापत्तनममा भारतको मुकाबिला ऑस्ट्रेलिया सित हुने छ। यो म्याच भारतीय समयानुसार दिउंसो तीन बजी देखि शुरू हुने छ। प्रतियोगितामा हिजो कोलम्बोमा इंग्लैंडले श्रीलंकालाई 89 रन ले पराजित गरी तेस्रो जीत दर्ता गर्यो। 254 रनको लक्ष्यलाई छयाउंदै श्रीलंकाको टीम 46औं ओभरमा 164 रन बनाएर आलआउट भयो। इंग्लैंडका लागि सोफी एक्केलस्टनले सर्वाधिक चार विकेट लिइन। कप्तान नेट साइवर ब्रंट र चार्लोट डीनले दुई-दुई विकेट लिइन। श्रीलंकाले

टॉस जीतेर फिल्डिंग रोजेको थियो। इंग्लैंडका लागि कप्तान साइवर ब्रंटले शानदार 117 रन बनाइन जसले गर्दा इंगलैण्डले 50 ओवरमा नौ विकेट गुमाएर 253 रनको ठूलो स्कोर खड़ा गर्न सक्यो। ब्रंटलाई प्लेयर ऑफ द म्याच घोषित गरियो।

****** ० ******